# वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशक पदपूर्ति सम्बन्धी कार्यविधि, २०८३

वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशक पदमा, वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४१ को उपदफा (१) बमोजिम खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्न वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ३१ को उपनियम (१) बमोजिम गठित समितिले सोही नियमको उपनियम (२) बमोजिम लोक सेवा आयोगद्वारा निर्धारित कार्यविधि समेतलाई आधार लिई पदपूर्ति समितिको बैठक व्यवस्थापन तथा उम्मेदवार छनौट गरी सिफारिस गर्न देहाय बमोजिमको कार्यविधि स्वीकृत गरेको छ।

१. **कार्यविधिको नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम "वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशक पदपूर्ति सम्बन्धी कार्यविधि, २०८३" रहनेछ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "ऐन" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनु पर्छ।

(ख) "बोर्ड" भन्नाले वैदेशिक रोजगार बोर्ड सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ३१ को उपनियम(१) बमोजिम गठन भएको पदपूर्ति समिति सम्झनु पर्छ।

(ङ) "पदपूर्ति" भन्नाले वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशक पदमा गरिने पदपूर्तिलाई सम्झनु पर्छ,

(च) "मन्त्रालय" भन्नाले युवा, श्रम तथा रोजगार मन्त्रालय सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ।

३. **बैठक सम्बन्धी कार्यविधिः** समितिको बैठक संचालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) पदपूर्ति समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(ख) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ग) पदपूर्ति समितिको निर्णय सर्वसम्मतिका हुनेछ, कुनै अवस्थामा निर्णय सर्वसम्मत हुन नसकेमा अध्यक्ष सहितको बहुमतले गरेको निर्णय मान्य हुनेछ।

(घ) समितिको बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(ङ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

सचिव

नेपाल सरकार युवा, श्रम तथा रोजगार मन्त्रालय सिंहदरबार, काठमाडौं

४. **बोर्डको कार्यकारी निर्देशक पदका लागि योग्यता:** बोर्डको कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि ऐन को दफा ४१ को उपदफ (१) र नियमावलीको नियम ३० बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

५. **सूचना प्रकाशनः** (१) बोर्डको कार्यकारी निर्देशकको नियुक्तिको लागि समितिले योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट व्यक्तिगत विवरण (Curriculum Vitae) र व्यवसायिक योजना सहित दरखास्त माग गर्न १५ दिनको म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछ। उक्त सूचनाको विस्तृत विवरण सहितको सूचना मन्त्रालयको वेवसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएका स्वीकृत दरखास्त संख्या ५ भन्दा कम भएमा पेश भएका दरखास्त कायम राखी समितिले सात दिनभित्र पुनः दरखास्त माग गरी सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा(१) बमोजिमको पदपूर्ति सम्बन्धी दरखास्त आह्वानको सूचनाको ढाँचा अनुसूचि-१ बमोजिमको हुनेछ।

(४) उपदफा (२) बमोजिम थप दरखास्त नपरेमा उपदफा (१) बमोजिम प्राप्त हुन आएको दरखास्तका आधारमा छनौट प्रक्रिया अगाडि बढाउन सकिनेछ।

६. **दरखास्त साथ विवरण पेश गर्नेः** नियमावलीको नियम ३० बमोजिमको योग्यता पुगेका इच्छुक व्यक्तिहरुले सूचनामा तोकिएको अवधिभित्र अनुसूची-२ बमोजिमको दरखास्तसाथ देहायका कागजातहरु स्वयं प्रमाणित गरी मन्त्रालयमा पेश गर्नुपर्नेछः

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि,

(ग) तोकिएको कार्य अनुभव सम्बन्धी कागजात,

(घ) राजस्व रु. २,५००/- बुझाएको सकल भौचर,

(ङ) अनुसूची-३ बमोजिमको स्वघोषणा,

(च) सम्बन्धित उम्मेदवारको स्वयंबाट हस्ताक्षरित व्यक्तिगत विवरण (Curriculum Vitae) र व्यवसायिक योजना।

७. **व्यवसायिक योजनाः** (१) निवेदकले बोर्डको निर्धारित उद्देश्य परिपूर्ति गर्न र प्रभावकारी रुपमा सञ्चालन गर्न दीर्घकालीन सोच सहितको चार वर्षको व्यवसायिक योजना (Business Plan) पेश गर्नुपर्नेछ।

(२) व्यवसायिक योजना नेपाली वा अंग्रेजी भाषामा ए-४ साइजको पेपरमा कम्तिमा ११ फन्टमा टाइप गरी २५०० शब्दमा नबढाई लेखिएको हुनुपर्नेछ।

(३) व्यवसायिक योजना छुट्टा छुट्टै सिलबन्दी खाममा १/१ प्रति राखी ३ प्रति पेश गर्नु पर्नेछ।

२०८२/५/२६

सचिव

(४) व्यावसायिक योजनाको पहिलो पानी (कभर पेजमा) नाम, थर, ठेगना उल्लेख गर्नुपर्नेछ सो वाहेक विषयबस्तु उल्लेख भएको कुनैपनि अन्य पानामा नाम, थर, ठेगना र उमेदवारको अन्य कुनै पहिचान हुने संकेत राख्न वा जनाउन हुँदैन।

८. **दरखास्तको स्वीकृति वा रद्द गर्न सक्नेः** (१) समितिले प्राप्त दरखास्तमध्ये रीतपूर्वक प्राप्त हुन आएको र योग्यता पुगेका उम्मेदवारको दरखास्त स्वीकृति गर्नेछ, योग्यता नपुगेका उम्मेदवारको दरखास्त र रीत नपुगी आएका दरखास्त रद्द गर्न सक्नेछ।

(२) कुनै उम्मेदवारले गलत विवरण वा झुठा कागज पत्र पेश गरेको पाइएमा समितिले जुनसुकै चरणमा उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ।

९. **उम्मेदवारको छनौटका आधार र मूल्यांकनको अङ्कभारः** (१) समितिले उम्मेदवारको छनौट देहाय आधारमा गर्नेछ;

(क) शैक्षिक योग्यताको मूल्यांकन,

(ख) व्यवसायिक योजनाको मूल्यांकन,

(ग) व्यवसायिक योजना प्रस्तुतीकरणको मूल्यांकन,

(घ) अन्तरवार्ता।

(२) उपदफा (१) बमोजिमको उम्मेदवारको मूल्याङ्कनका आधारको अङ्कभार देहाय बमोजिम हुनेछ;

| | | |
|---|---|---|
| (क) | न्यूनतम शैक्षिक योग्यता बापत<br>प्रथम श्रेणी- ५ अंक<br>द्बितीय श्रेणी- ४ अंक<br>तृतीय श्रेणी- ३ अंक | ५ अंक |
| (ख) | व्यवसायिक योजना लेखन | ४५ अंक |
| (ग) | व्यवसायिक योजनाको प्रस्तुतीकरण | २५ अंक |
| (घ) | अन्तरवार्ता | २५ अंक |
| | **जम्मा पूर्णाङ्क** | **१०० अंक** |

(३) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम उम्मेदवारले पेश गरेको शैक्षिक योग्यता र व्यवसायिक योजना मूल्याङ्कन गरी अधिकतम अङ्क प्राप्त गर्ने बढीमा पाँच जना (अंक वरावर भएमा सो भन्दाबढि संख्या पनि हुन सक्ने) उम्मेदवारको छनौट गरी उम्मेदवारको अनुसूची-४ संक्षिप्त सूची

सचिव

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

मन्त्रालयको वेवसाइट तथा सूचना पाटीमा प्रकाशन गरी व्यवसायिक योजनाको प्रस्तुतीकरण र अन्तरवार्ताका लागि मिति, समय र स्थान तोकी सम्बन्धित उम्मेदवारलाई सूचना दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमका संक्षिप्त सूचीमा परेका उम्मेदवारसँग समितिले तोकिएको मिति र समयमा व्यवसायिक योजनाको प्रस्तुतीकरण गराउने र अन्तरवार्ता लिनेछ ।

(५) उम्मेदवारले पेश गरेको व्यवसायिक योजनाको प्रस्तुतीकरण र अन्तरवार्तामा उम्मेदवारलाई समितिको अध्यक्ष, सदस्य र विज्ञ/दक्षले दिएको अङ्कलाई औसत गरी प्राप्ताङ्क कायम गरिनेछ।

(६) समितिका अध्यक्ष र सदस्यहरूले उम्मेदवारले पेश गरेको व्यवसायिक योजना, व्यवसायिक योजनाको प्रस्तुतीकरणको मूल्याङ्कन र अन्तरवार्ताको मूल्याङ्कन गर्दा सामान्यतया न्यूनतम ४० प्रतिशत र अधिकतम ७० प्रतिशत अंक दिन सकिनेछ। न्यूनतम र अधिकतम भन्दा घटी वा बढी अंक दिनुपर्ने भएमा कारण खुलाउनुपर्नेछ।

१०. **उम्मेदवारको छनौट र सिफारिसः** समितिले उम्मेदवारले पेश गरेको शैक्षिक योग्यता, व्यवसायिक योजना, व्यवसायिक योजनाको प्रस्तुतीकरण मूल्याङ्कन र अन्तरवार्ताको प्राप्ताङ्क अंक गणना गरी अधिकतम अङ्क प्राप्त गर्ने ३ जना उम्मेदवारलाई योग्यताक्रमका आधारमा अनूसुची-५ बमोजिमको ढाँचामा बोर्डको कार्यकारी निर्देशकको नियुक्तिका लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

११. **विज्ञ/दक्षको सहयोग लिन सक्नेः** समितिले व्यवसायिक योजनाको मूल्याङ्कन, प्रस्तुतीकरण तथा अन्तरवार्ताको सिलसिलामा आवश्यकता अनुसार विज्ञ/दक्षको सेवा लिन सक्नेछ ।

१२. **खर्च सम्बन्धी व्यवस्थाः** समितिको बैठक तथा कार्यसञ्चालन सम्बन्धी खर्च वैदेशिक रोजगार बोर्डबाट व्यवस्था हुनेछ।

१३. **कागजपत्रको संरक्षणः** समितिले सिफारिसको कार्य सम्पन्न गरिसकेपछि तत्सम्बन्धी सम्पूर्ण कागजातहरु मन्त्रालयमा सुरक्षित रहनेछन् ।

१४. **सचिवालयः** समितिको सचिवालयको कार्य मन्त्रालयको प्रशासन महाशाखाले गर्नेछ। समितिको लागि आवश्यक कर्मचारी मन्त्रालयले व्यवस्था गर्नेछ।

१५. **विविधः** (१) यस कार्यविधिसँग सम्बन्धित फारामहरु समितिले निर्धारण गर्न सक्नेछ।

(२) यस कार्यविधिमा आवश्यक संशोधन, थपघट वा व्याख्या गर्न सक्ने अधिकार समितिमा निहित रहेको छ।

सचिव

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

पदपूर्ति सम्बन्धी दरखास्त आह्वानको सूचना

नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशक पदपूर्तिका लागि दरखास्त आह्वानको सूचना

सूचना प्रकाशित मिति :

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४१ को उपदफा (१) बमोजिम खुल्ला प्रतिस्पर्धाबाट बोर्डको कार्यकारी निर्देशक पदको पदपूर्ति गर्न यो सूचना प्रकाशन गरिएको छ। वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ३० बमोजिम न्यूनतम योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र युवा, श्रम तथा रोजगार मन्त्रालय, सिंहदरवार स्थिति सिफारिस समितिको सचिवालय, प्रशासन महाशाखामा तोकिएको ढाँचामा दरखास्त दिन हुन सूचित गरिन्छ। थप जानकारीको लागि यस मन्त्रालयको website: www.moless.gov.np मा हेर्न वा मन्त्रालयको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

१. **<u>न्यूनतम शैक्षिक योग्यता र अनुभवः</u>** वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ३० बमोजिम देहायको योग्यता पुगेको उम्मेदवारले दरखास्त दिन सकिनेछः-

(क) नेपाली नागरिक

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, कानून, व्यवस्थापन, जनप्रशासनमध्ये कुनै एक विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ग) पैंतीस वर्ष पूरा भएको,

(घ) सरकारी वा गैरसरकारी संस्थामा कम्तीमा अधिकृतस्तरको पदमा दश वर्षको कार्य गरेको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(च) तत्काल राजनीतिक दल वा संगठनको सदस्य नरहेको,

(छ) मगज नबिग्रिएको ।

२. **<u>पेश गर्नुपर्ने कागजात तथा विवरणहरू</u>**

(क) नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्र, शैक्षिक योग्यता, कार्यअनुभव खुलेको प्रमाणपत्र, विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक योग्यताको हकमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण भएको प्रमाणपत्र, उम्मेदवारको विस्तृत विवरण भएको वैयक्तिक विवरण, हालसालै खिचेको पासपोर्ट साइजको फोटो,

(ख) कार्यविधि बमोजिमको व्यावसायिक कार्ययोजना,

(ग) कार्यविधि बमोजिम स्वयंले प्रमाणित गरेका कागजातहरू,

(घ) दरखास्त दस्तुर वापत मन्त्रालयको राजस्व खातामा जम्मा गरेको प्रमाण

(ङ) अनुसूची-३ बमोजिमको स्वघोषणा

२०८२/३/२६

सचिव

अनुसूची
(दफा ६ सँग सम्बन्धित)

## दरखास्त फारमको नमूना

प्रतिस्पर्धा गर्न चाहने व्यक्तिले पेश गर्नुपर्ने दरखास्त फारमको ढाँचा

श्री अध्यक्षज्यू

पदपूर्ति समिति,

वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशकको पदमा रही सेवा गर्न ईच्छा भएकोले देहायका विवरण र कागजात राखी यो दरखास्त फारम र प्रतिवद्धता पत्र पेश गरेको छु। सो पदमा नियुक्ति हुन आवश्यक पर्ने शैक्षिक योग्यता तालिम तथा अनुभव, स्वघोषणा र सो सँग सम्बन्धित कागजात पेश गरेको छु। नियुक्ति तथा मनोनयन भएको अवस्थामा प्रचलित कानून बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पुरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

(१) नियुक्तिका लागि प्रतिस्पर्धा गर्न चाहेको निकाय र पदः

(२) दरखास्त पेश गर्ने व्यक्तिको

(क) नामथरः

(ख) नागरिकता नं र जारी जिल्लाः

राष्ट्रिय परिचयपत्र नम्बर र जारी गर्ने निकायः

(ग) स्थायी ठेगानाः

अस्थायी ठेगानाः

(घ) जन्म मितिः

फोन/मोवाइल नः

(ङ) इमेलः

फेसबुक/ ट्वीटरः

(३) शैक्षिक योग्यताको विवरणः

| क सं | उपाधि | विश्वविद्यालय | श्रेणी वा CGPA | उतिर्ण साल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(४) अनुभवको विवरण

| क. सं. | काम गरेको निकाय | पद | कार्यविधि | मुख्य विवरण | कार्य कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(५) तालिमको विवरण

| क. सं. | तालिमको नाम | प्रदान गर्ने निकाय | तालिम अवधि | विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

२०८३/३/२६ सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

**(६) अध्ययन, अनुसन्धान, लेख रचना वा अन्य प्रकाशन**

| क. सं. | प्रकाशनको नाम | प्रकाशित गर्ने निकाय | प्रकाशित मिति | विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(७) संलग्न कागजात र विवरणहरू

| क सं | कागजात विवरण | पाना नं |
|---|---|---|
| १ | नेपाली नागरिकताको प्रमाणपत्र | |
| २ | वैयक्तिक विवरण | |
| ३ | शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि | |
| ४ | अनुभवको प्रमाणपत्रहरूको प्रतिलिपि | |
| ५ | व्यावसायिक कार्ययोजना | |
| ६ | स्वघोषणा सम्बन्धी कागजातहरू | |
| ७ | अन्य आवश्यक कागजातहरू | |

माथि उल्लेख भएका सबै विवरण र कागजात साँचो हो झुठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला।

| **औंठाको छाप** | |
|---|---|
| **दाँया** | **बाँया** |

**दस्तखतः मितिः**

२०८२/३/२६

सचिव

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-३

## उम्मेदवारको स्व-घोषणा

(दफा ६ को खण्ड (ङ) सँग सम्बन्धित)

**विषय :<u>स्वःघोषणा सम्बन्धमा</u> ।**

प्रस्तुत विषयमा वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशक पदका लागि आवेदनका साथमा देहाय बमोजिमको घोषणा गर्दछु;

| | छ/हो | छैन/होइन |
|---|---|---|
| (क) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा ओसारपसार, बैंक तथा वित्तीय संस्था वा सहकारीको रकम हिनामिना, ठगी, सम्पत्ति शुद्धीकरण, अवैध रुपमा वन्यजन्तुको ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको, | ☐ | ☐ |
| (ख) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको, | ☐ | ☐ |
| (ग) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाको ऋण नतिरेको कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको, | ☐ | ☐ |
| (घ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य भएको, | ☐ | ☐ |
| (ङ) वैदेशिक रोजगार व्यवसायमा आवद्ध भएको एवं बोर्डसँग कुनै किसिमको स्वार्थको द्वन्द्व (Conflict of Interest) भएको । | ☐ | ☐ |

माथि उल्लेख गरिएका विवरण ठिक साँचो हो भनी स्वःघोषणा गर्दछु। झुटो ठहरिएमा कानूनबमोजिम सहुँला/बुझाउँला ।

<u>उम्मेदवारको</u>

हस्ताक्षरः.
नाम, थर-:
ठेगाना-:
सम्पर्क नम्बरः

२०८२/३/२६

सचिव

## अनुसूची-४

(दफा ९ (३) सँग सम्बन्धित)

वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशक

पदपूर्ति समिति

**संक्षिप्त सूचीमा परेका उम्मेदवारको एकीकृत मूल्याङ्कन फारम**

| क. सं. | उम्मेदवारको नाम, थर | शैक्षिक योग्यता | व्यावसायिक कार्ययोजना | जम्मा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची-५

(दफा १० सँग सम्बन्धित)

वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशक

पदपूर्ति समिति

**उम्मेदवारको छनौट र सिफारिस फारम**

| क. सं. | उम्मेदवार को नाम, थर | प्राप्त अंक(१) | | (क) + (ख) जम्मा प्राप्त अंक(२) | व्यावसायिक कार्ययोजना प्रस्तुती प्राप्त अंक (३) | अन्तर्वार्ता प्राप्त अंक (४) | कुल जम्मा (२+३+४) |
|---|---|---|---|---|---|---|---|
| | | शैक्षिक योग्यता(क) | व्यावसायिक कार्ययोजना(ख) | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

सचिव